दर्तानं.१५४१८३/०७३/०७४

स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रूपन्देही

# नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८३/०३/०८ गते बसेको संचालक समितिको निर्णयानुसार संस्थाको नवौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति: २०८३/०३/३० गते मंगलवार, तदनुसार १४ जुलाई, २०२६

समय: बिहान ११.०० बजे

स्थान: स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही ।

**छलफलको विषय सूची :**

**क. सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८२, आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

(५) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने ।

**ख. बिशेष प्रस्ताव:**

(१) अन्य इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न / गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) नियमनकारी निकायबाट कुनै निर्णय उपर फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध ।**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**

मिति २०८३/०३/२२ गते वित्तीय संस्थाको दर्ता किताब बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०३/१९ गतेसम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी:**

१. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरु आफ्नो हितग्राही खाता नं. (DMAT) तथा परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

२. वार्षिक साधारण सभा सम्बन्धी सञ्चालक समितिको प्रतिवेदन समेतका कागजातहरु निरीक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही वा संस्थाको Website: www.swabhimaanlaghubitta.com.np बाट प्राप्त गर्न सकिने छ ।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता

गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४. प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

५. नावालक वा फरक किसिमले सक्षम शेयरधनीहरुज्यूका तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भागलिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

६. शेयरधनीमहानुभावहरुबाट व्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

७. संचालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, तिलोत्तमा- ५, रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।

८. यस वित्तीय संस्थाको संचालकमा उम्मेदवार हुनका लागि संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम न्यूनत्तम १०० कित्ता शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बमोजिम योग्य भएको हुनु पर्नेछ । संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले संस्थाको केन्द्रीय कार्यालयमा सूचना प्रकाशन गरे बमोजिम हुनेछ ।

९. शेयरधनीमहानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०.०० बजे देखि खुल्ला रहनेछ ।

१०. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देहीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।